नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक २०६ २०८१ साल चैत ५ गते मंगलबार (18 Mar. 2025 Tuesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***


**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : सिङ्गो दलित परिवार नै ... ३ पृष्ठमा : सकसमा उपभोक्ता अधिकार ... ३ पृष्ठमा : अन्तरिक्षमा फसेका दुई ...

## एकै ब्यक्तीको एक दिनको फरकमा दुई किसिमको स्वास्थ्य रिर्पोट


Biochemistry
Blood Sugar PP
Blood Sugar F
BLOOD SUGAR FASTING


ENDOCRINE CLINIC
Biratnagar-9, Rangeli Road
DEPARTMENT OF PATHOLOGY
Date:- 2081/11/28
Patient's Name :- Mr. Binay Kumar Lal Karna Age/Sex :- 49Yrs/M
BIO-CHEMISTRY REPORT

| Parameters | Results | Normal Values |
|---|---|---|
| Blood Sugar (F) | 96.0 | 75-110 mg/dl |
| Blood Sugar (PP) | 129.0 | 75-140 mg/dl |

**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

एकै व्यक्तिको स्वास्थ्य रिपोर्ट एक दिनको फरकमा दुई किसिमको आएपछि प्रयोगशालाप्रति प्रश्न चिन्ह खडा भएको छ ।

प्रयोगशाला पिच्छे फरक-फरक रिर्पोट आउनाले विरामी र चिकित्सक समेतलाई अफ्ठ्यारोमा पारेको छ । कुन रिर्पोटको आधारमा बिरामीका लागि औषधी लेख्ने बारे समेत समस्या परेको छ ।

पत्रकारिता पेशामा रहेका सप्तरीको रुपनी गाउँपालिका ४ निवासी ४९ वर्षिय विनयकुमार लाल कर्णको यस्तो रिपोर्ट आएको हो । उनी नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष समेत हुन ।

गत फागुन २७ गते स्वास्थ्यमा समस्या भएपछि उनी राजविराजस्थित स्थानीय गजेन्द्र नारायण सिह अस्पताल परिसरमा संचालनमा रहेको प्रयोगशालमा रगत जचाएका थिए । रगत जचाउदा रिर्पोटमा खाली पेट १ सय ७२ र खाना खाएपछि रगतमा चीनी (सुगर) को मात्रा १ सय ५३ देखाइएको थियो ।

विगतमा कहिले सुगरको मात्रा नबढेको तर रिर्पोटमा मात्रा बढेको देखिएपछि उनलाई रिर्पोटमाथी नै शंका लागी भोली पल्टै फागुन २८ गते विहान पुन: रगत जाँचका लागी विराटनगर पुगे ।

विराटनगरको इन्डोक्राइन क्लिनिकमा पुन: जाँच गराउँदा खाली पेटमा ९६ र खाना खाएपछि रगतमा चिनी (सुगर) को मात्रा १ सय २९ को रिर्पोट आयो । त्यस पछि चकित परेका उनी दुबै रिर्पोट लिएर चिकित्सक कहाँ पुगे । चिकित्सकले विराटनगर कै रिर्पोटलाई मान्यता दिदै औषधी चलाएपछी आफ्नो स्वास्थ्यमा सुधार भएको कर्ण बताउँछन् ।

रिर्पोट कै आधारमा डाक्टरले औषधी लेख्ने भएको हुँदा ल्याब पिच्छे फरक रिर्पोट आउनुले आफु मात्र नभई केही बेर चिकित्सक समेत अलमलमा परेको र अन्त्यमा सोच विचार गरी विराटनगर कै रिर्पोटलाई आधार बनाएर औषधी दिएको कर्णले सुनाए ।

उनले दुबै प्रयोगशालाबाट फरक फरक रिर्पोट आउँदा विरामी र चिकित्सकलाई अलमलमा पार्नुका साथै कसको रिर्पोट ठिक मान्ने ? भन्ने गम्भिर प्रश्न उठेको समेत बताए । उक्त दुबै प्रयोगशालाका स्वास्थ्यकर्मीले भने आ-आफ्नो रिर्पोट नै ठिक रहेको दाबी गरिरहेका छन ।

यसरी एउटा रिर्पोटमा चिनीको मात्रा कम र अर्कोमा बढी हुनुलाई सामान्य फरक भन्न नमिल्ने बताउँदै पत्रकार महासंघ शाखा सप्तरीका अध्यक्ष श्रवण कुमार देवले त्यस्ता ल्याब र क्लिनिकहरुमा पनि कडाइका साथ सम्बन्धित निकायद्वारा अनुगमन गरिनु पर्ने माग गरे ।

## फर्निचर उद्योगसहित तीन घर जल्दा १२ लाख भन्दा बढीको क्षति



**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

राजविराज नगरपालिका वडा नं. ६ खर्साल टोलमा सोमबार दिउँसो आगलागि हुँदा एक फर्निचर उद्योगसहित तीन घर जलेर खरानी भएको छ । आगलागिमा ५० हजार नगद तथा सुनचाँदीका गरगहना समेत जलेको छ ।

स्थानीय दुबीलाल यादवको घरमा रहेको विद्युत तार सर्ट भई लागेको आगोले उनको तीन घरसहित छिमेकी सुरेश शर्माको फर्निचर उद्योग जलेर नष्ट हुँदा करिब १२ लाख ३६ हजार बराबरको क्षति भएको प्रहरीले जानकारी दिएको छ ।

दुबीलालको तीन घरसहित ५० हजार नगद, खाद्यान, लत्ताकपडा, भाडा वर्तन, सुनचाँदीका गरगहना गरि ८ लाख २१ हजार बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

छिमेकी सुरेश शर्माले फर्निचर उद्योगमा आगलागि हुँदा लाखौंको फर्निचरका साथै काठ कठान गर्ने दुई वटा

***बाँकी अन्तिम पृष्ठमा***

## स्ववियु सभापतिका लागि पाँच जना प्रतिष्पर्धामा

**दैनिक समाचारदाता**
**राजविराज, ४ चैत ।**

आज चैत ५ गते ( मंगलबार) हुन लागेको त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनका लागि राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा अध्यक्ष पदका लागि पाँच जनाले प्रतिष्पर्धा गर्दैछन् ।


स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघ र लोकतान्त्रिक विद्यार्थी संघको संयुक्त गठबन्धनबाट सभापति पदमा नितिश कुमार यादव प्यानलसहित चुनावी मैदानमा उत्रेका छन् ।

यसैगरि समाजवादी विद्यार्थी युनियन र अखिल ( क्रान्तिकारी) को संयुक्त गठबन्धनबाट सभापति पदमा रंजित कुमार यादव प्यानल सहित उम्मेदवारी दिएका छन् ।

यस्तै विद्यार्थी जनमत संघबाट त्रिवेणी कुमार यादव सभापति पदमा तथा अनेरास्ववियुको तर्फबाट मनिषा कुमारी साह सभापति पदमा प्यानल सहित चुनावी प्रतिस्पर्धामा छन् ।

त्यस्तै विनय कुमार यादव (बालेन) पनि सभापति पदमा स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

सभापति पदका पाँचै जना उम्मेदवार सबै उम्मेदवारले विद्यार्थीको हकहित अधिकार तथा क्याम्पसमा देखिएको शैक्षिक समस्याको समाधान गर्ने प्रतिवद्धता जनाएका छन् ।



कूल ३ हजार १२ मतदाता रहेको र सभापति सहित प्रत्यक्ष तर्फ १० र समानुपाति तर्फ ९ गरी कूल १९ पदका लागि हुने निर्वाचनमा ४१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको निर्वाचन अधिकृत नन्दकिशोर यादवले जानकारी दिए ।

यसैबीच निर्वाचनका लागि सम्पूर्ण तयारी पुरा भएको निर्वाचन अधिकृत यादवले जानकारी दिएका छन् ।

सहज रुपमा मतदान सम्पन्न गराउन मविव क्याम्पस राजविरामा ६ वटा मतदान केन्द्रमा १२ वटा बुथ रहने निर्वाचन अधिकृत यादवले बताए । उनले निर्वाचनमा ५० जना कर्मचारी खटाईएको समेत जानकारी दिए ।

**चाडपर्व प्रति सम्मान गरौं ।**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र सँस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म सँस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

